# प्रदेश लोक सेवा आयोग

लुम्बिनी प्रदेश, मुकाम: बुटवल, नेपाल
071-541484,
071-541932

पत्र संख्या: ०७८/७९
चलानी नं.:

## प्रेस विज्ञप्ति

प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशले आ.व. २०७७।०७८ को आयोगको द्वितीय वार्षिक प्रतिवेदन मिति २०७८।०५।०९ गते माननीय प्रदेश प्रमुख अमिक शेरचनज्यू समक्ष पेश गरेको छ।

प्रदेश लोक सेवा आयोगका अध्यक्ष प्रा. डिलाराम भट्टराईले उक्त प्रतिवेदन पेश गर्दै आयोगले आ.व. २०७७।०७८ मा गरेका काम कारवाहीहरुको संक्षिप्त व्यहोरा प्रस्तुत गर्नु भएको थियो। सो अवसरमा प्रदेश लोक सेवा आयोगका सदस्य बाबुराम गौतम, आयोगका सचिव शंकरहरि आचार्य तथा आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो। प्रदेश प्रमुखको कार्यालयका नि. सचिव श्री चिरञ्जीवी पौडेलले सञ्चालन गरेको उक्त कार्यक्रममा प्रदेश प्रमुखको कार्यालयका कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो।

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४३ मा आयोगले गरेका काम कारवाहीहरुको वार्षिक प्रतिवेदन नयाँ आर्थिक वर्ष प्रारम्भ भएको मितिले दुई महिना भित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ। आयोगले आ.व. २०७७।०७८ मा गरेका प्रमुख कामहरुमा पाठयक्रम निर्माण तथा विज्ञहरुको विवरण लिने तथा सो को सूची तयार गर्ने, आयोगका काम कारवाहीलाई स्वच्छ, पारदर्शी तथा वस्तुनिष्ठ बनाउने उद्देश्यले विभिन्न मापदण्डहरु तयार पारेको, प्रदेश लोक सेवा आयोग कार्यसंचालन निर्देशिका, २०७७ जारी गरेको, परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा स्वास्थ्य सुरक्षा मापदण्ड, २०७७ को तर्जुमा गर्नुका साथै विद्युतीय दरखास्त संकलनका लागि आयोगको वेवसाइटको स्तरोन्नति, कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि तालिम, प्रदेश तथा जिल्लास्तरमा आयोगको काम, कर्तव्य र भावी कार्यदिशा बारे गोष्ठीहरु सञ्चालन लगायतका कार्य भएका छन्।

आयोगले आ.व. २०७७।०७८ मा विभिन्न सेवा, समूहमा रहने तहका कूल ४३ वटा पदहरुको पाठ्यक्रम तयार गरिसकेको छ। उक्त अवधिमा आयोगको २४ वटा बैठक बसी ३५ वटा निर्णयहरु भएका छन्। प्रदेश सरकारको माग बमोजिम स्वास्थ्य सेवा तथा इञ्जिनियरिङ्ग सेवाका विभिन्न ११ समूह/उपसमूहका ९६ पदहरुको पदपूर्तिको लागि विज्ञापन आह्वान गरिएको छ।

प्रस्तुत प्रतिवेदनको सुझाव खण्डमा प्रदेश सरकारले बनाउनु पर्ने ऐनहरु तथा स्थानीय तथा प्रदेश स्तरका कर्मचारीहरुको अभिलेख व्यवस्थापनलाई जोड दिइएको छ। साथै प्रतिवेदनमा आयोगका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिमका कार्यक्रम संचालन गर्नु पर्ने कुरा समेत उल्लेख गरिएको छ। आयोगले पूर्ण रुपमा काम गर्नु पर्दा थप हुनु पर्ने भवन, भौतिक पूर्वाधार, जनशक्ति र स्रोतसाधनबारे समेत सुझावहरु प्रस्तुत गरिएको छ।

अन्त्यमा आयोग प्रदेश सरकारलाई अत्यावश्यक हुने विभिन्न सेवा, समूहका पदहरुको पूर्तिका लागि तयारी अवस्थामा रहेको व्यहोरा समेत प्रतिवेदनमा उल्लेख गरिएको छ।

२०७८ भाद्र ९

चेतनाथ गिरी
प्रवक्ता
प्रदेश लोक सेवा आयोग
लुम्बिनी प्रदेश, मुकामः बुटवल।